# धन्यवाद

यो पुस्तक मार्टिन चौतारीले स्थानीय अधिकारकर्मीहरूको अनुसन्धान क्षमता अभिवृद्धि गर्ने उद्देश्यले डिसेम्बर २०२० देखि जनवरी २०२३ अवधिमा मधेश प्रदेशमा सञ्चालन गरेको "पैदल अनुसन्धान पहल" (बेयरफुट रिसर्च इनिसिएटिभ्स) को उपज हो । यस अन्तर्गत स्थानीय क्षेत्रमा विभिन्न संस्थामा आबद्ध भई वा स्वतन्त्र ढंगले विविध विषय मुद्दामा पैरवी गरिरहेका अधिकारकर्मीहरूलाई आफ्नै अनुभवमा आधारित रही वा आफ्नो रुचिका सामाजिक-राजनीतिक मुद्दामा अनुसन्धानमूलक सामग्री तयार पार्न प्रोत्साहित गरिएको थियो । सामाजिक अनुसन्धान र लेखनका विधिहरूबारे अधिकारकर्मीहरूलाई अभिमुखीकरण गर्नुका साथै अनुसन्धान, लेखन, पुनर्लेखन/परिमार्जनको लामो प्रक्रिया पश्चात् यो पुस्तक तयार भएको हो । यसबाट एकतिर स्थानीय अधिकारकर्मीहरूमा अनुसन्धानमा आधारित पैरवी गर्ने सिप तथा क्षमता वृद्धि हुने र अर्कोतिर भुइँ तहबाट सिर्जित ज्ञानको राम्रो दस्तावेजीकरण हुने हाम्रो विश्वास छ । पहिलो चरणमा सन् २०१७–२०१९ मा पश्चिम तराईका कपिलवस्तु, रुपन्देही र नवलपरासी जिल्लाका अधिकारकर्मीहरूलाई लक्षित गरिएको थियो । यो पुस्तक त्यसैको दोस्रो शृंखला हो ।

यो पुस्तक तयारीका साथै समग्र पैदल अनुसन्धान पहललाई सफल बनाउन हामीलाई मार्टिन चौतारीभित्र र बाहिरका थुप्रै व्यक्ति तथा संस्थाको सहयोग रह्यो । सर्वप्रथम, यस परियोजनामा संलग्न सम्पूर्ण अनुसन्धाताहरूप्रति हामी कृतज्ञ छौँ । स्थानीय संयोजकको रूपमा विभिन्न चरणमा सहयोग तथा सुझाव दिनुहुने भोला पासवान र चन्द्रकिशोरलाई धन्यवाद छ ।

यस कार्यक्रम अन्तर्गत आयोजित विभिन्न चरणका तालिम/कार्यशालाहरूमा स्रोत व्यक्तिका रूपमा उपस्थित भई तालिम प्रदान गर्ने तथा टिप्पणी गर्ने सीके लाल, रोशन जनकपुरी, राजेन्द्र महर्जन, सरिता गिरी, शैलेन्द्र साह, रक्षाराम हरिजन, तुलानारायण साह,

लक्ष्मी श्रेष्ठ, दीपक ज्ञवाली, सरस्वती शर्मा र उमा पौडेलप्रति आभारी छौँ। स्रोत व्यक्ति/मेन्टरको भूमिकाका साथै लेखका मस्यौदाहरूको सम्पादन कार्यमा संलग्न हुनुहुने महेशराज महर्जन, कैलाश राई, देवेन्द्र उप्रेती, हर्षमान महर्जन, अर्जुन पन्थी, लोकरञ्जन पराजुली र उज्ज्वल प्रसाईप्रति पनि हामी आभारी छौँ।

त्यसै गरी, अनुसन्धाताहरूले तयार पारेका कार्यपत्रमाथि जनकपुरमा पुस १–२, २०७९ मा आयोजित कार्यशालामा टिप्पणी गर्नुहुने शंकर साह, सुरेश शर्मा, राहुल झा, विश्वमणि पोखरेल, अञ्जु मण्डल, दीपेन्द्र झा, पुरन साह, अमित झा, पुनिता मण्डल र रुपेश साहप्रति पनि कृतज्ञ छौँ।

यो समग्र पैदल अनुसन्धान पहलको संयोजन गर्नुहुने तथा यस अन्तर्गतका शोध-संक्षेप, प्रतिवेदन तथा यो पुस्तकको परिचय लेख्नुहुने सोहन प्रसाद साहलाई विशेष धन्यवाद छ। समग्र परियोजनाका गतिविधिहरूमा आवश्यक मार्गदर्शनका साथै मेन्टरिङका लागि प्रत्यूष वन्त एवं समग्र पुस्तकको सम्पादनका लागि देवराज हुमागाईंप्रति आभारी छौँ। लेआउट तथा आवरण साजसज्जाका लागि किशोर प्रधानलाई धन्यवाद छ। प्रुफ रिडिङका लागि रुख गुरुङ र सञ्जिला मोक्तानलाई धन्यवाद छ। त्यसै गरी, कार्यक्रम कार्यान्वयनका क्रममा आवश्यक बन्दोबस्त मिलाउनुहुने कञ्चन केसी, रोशनी घिमिरे, अमन गारू, दलबहादुर श्रेष्ठ, बुद्ध कुमार श्रेष्ठ, माया मानन्धर र सन्तोषी तामाङलाई धन्यवाद छ।

यो परियोजनाका लागि नेशनल इण्डाउमेन्ट फर डेमोक्रसी (एनईडी), अमेरिकाको आर्थिक सहयोग रहेको थियो। त्यसका लागि उक्त संस्थाप्रति कृतज्ञ छौँ।

**मार्टिन चौतारी**
थापाथली, काठमाडौँ